अख्तियार दुरुपयोग अनुसन्धान आयोग
टङ्गाल, काठमाडौं

मिति: २०८२।०१।०९ गते।

प्रेस विज्ञप्ति

विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला कास्की, पोखरा महानगरपालिकाको उजुरी फछ्यौंट तथा समन्वय शाखामा कार्यरत अधिकृत (सातौं तह) कपिल गिरीले अख्तियारमा उजुरी परी पत्र आएको छ उक्त उजुरीसँग सम्बन्धित प्रमाण मेटाई दिने भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय, पोखराबाट खटिई गएको टोलीले निज कपिल गिरीलाई सेवाग्राहीसँग रु.२५,०००।—(पच्चीस हजार रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रण लिइएको थियो।

अनुसन्धानको सिलसिलामा पोखरा महानगरपालिकाको उजुरी फछ्यौंट तथा समन्वय शाखामा कार्यरत अधिकृत कपिल गिरीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परी जवाफको लागि पत्र आएको छ, उक्त उजुरीसँग सम्बन्धित प्रमाण मेटाई उजुरी फरफारक गर्न आवश्यक कार्य गर्ने भनी सेवाग्राहीसँग घुस/रिसवत रु.२५,०००।— माग गरी लिएको पुष्टी भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.२५,०००।— (पच्चीस हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
राजेन्द्र कुमार पौडेल